# संघीय संसद
# प्रतिनिधि सभा, २०७९

पहिलो अधिवेशन

बैठक संख्या – २८

## दैनिक कार्यसूची

२०८० वैशाख १५ गते, शुक्रबार

दिनको १:०० बजे

### प्रश्नोत्तर टेबुल

१. सभामा प्रस्तुत हुन नसकेका मौखिक प्रश्नहरुको उत्तर सम्बन्धित मा० मन्त्रीहरुबाट टेबुल गरिने ।

### विषयगत समिति गठन

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७३ बमोजिम १० वटा विषयगत समितिमा रहनुहुने माननीय सदस्यहरुको नाम मनोनयनका लागि प्रस्ताव गर्नुहुने ।

### व्यवस्थापन कार्य

३. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले :-

(क) राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७६ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७७ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ग) "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

४. माननीय उपप्रधानमन्त्री एवं रक्षा तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पूर्ण बहादुर खड्काले :-

(क) "सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री बेदुराम भुषालले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले :-

(क) राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७७ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

७. माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ लाई सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### अनुपस्थितिको सूचना

८. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि पेश गर्नुहुने ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव